**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाण्डौ**

मितिः २०७३।०५।३१ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौमा कार्यरत मेडिकल अधिकृत, सन्तोष कुमार झाले I.Sc तहको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र खडा गरी MBBS अध्ययन गरेको, नेपाल मेडिकल काउन्सिलबाट मेडिकल काउन्सिल दर्ता प्रमाणपत्र प्राप्त गरेको र सरकारी सेवामा नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज सन्तोष कुमार झाले मिति २०७२/०८/०९ गते देखि राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौमा मेडिकल अधिकृत पदमा नियुक्ति एवं बहाल हुने र सो हैसियतले लाभ सुविधा लिने उद्देश्यले Intermediate Education Council, Patna अन्तर्गतको रामनिरंजन जनता महाविद्यालय, रामपुर –मधवापुर (मधुवनी) बाट सन् १९९४ मा I.Sc उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी ओहोदा तथा लाभ सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज मेडिकल अधिकृत सन्तोष कुमार झालाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी